मिति २०८२/०४/१२ गतेका दिन थुलुङ दुधकोशी गाउँपालिकाका श्रद्धेय अध्यक्ष श्री असिम राई ज्यूको अध्यक्षतामा बसेको विशेष कार्यपालिका बैठकमा निम्न उपस्थितिबीच तपसिलका प्रस्ताव उपर छलफल गरी देहाय बमोजिम निर्णय गरियो।

| सि.नं. | नाम र थर | पद | दस्तखत | सम्पर्क नं. |
|---|---|---|---|---|
| १ | असिम राई | अध्यक्ष | | ९८५१०३८२९१ |
| २ | सविता राई | उपाध्यक्ष | | ९८६३९१००३४ |
| ३ | घनराज सुनुवार | १ नं. वडा अध्यक्ष | | ९८५१०४७२४४ |
| ४ | नवीन बस्नेत | २ नं. का.वा. वडा अध्यक्ष | | ९८५१२१०२६२ |
| ५ | ईन्द्रमणि दाहाल | ३ नं. वडा अध्यक्ष | | ९८६९२२५०१४ |
| ६ | श्याम कुमार गुरुङ | ४ नं. वडा अध्यक्ष | | ९८५१००९०८७ |
| ७ | मच्छिन्द्र तामाङ | ५ नं. का.वा.वडा अध्यक्ष | | ९७४२२९९१४६ |
| ८ | महेन्द्रदीप राई | ६ नं. वडा अध्यक्ष | | ९८५१०६४७५८ |
| ९ | भोजराज कार्की | ७ नं. वडा अध्यक्ष | | ९८५२८५१००७ |
| १० | राजेश राई | ८ नं. वडा अध्यक्ष | | ९८६१२१२०७८ |
| ११ | हर्क राज राई | ९ नं. का.वा.वडा अध्यक्ष | | ९८६१७८०८८० |
| १२ | बुद्धिराज राई | कार्यपालिका सद्स्य | | ९८६१०६५७५८ |
| १३ | डिल्ली वि.क. | कार्यपालिका सद्स्य | | ९८६०६३४७७७ |
| १४ | सरिता राई | कार्यपालिका सद्स्य | | ९८६२४२२३५० |
| १५ | तमुना राई | कार्यपालिका सद्स्य | | ९८४१९४३८६२ |
| १६ | तारा देवी श्रेष्ठ | कार्यपालिका सद्स्य | | ९८६२१२३५३१ |
| १७ | सर्मिला हिङमाङ | कार्यपालिका सद्स्य | | ९७४५२७४३४० |
| १८ | प्रसन्नदीप राई | प्रमुख प्रशासकीय अधिकृत | | ९८४९१३९२२८ |

थुलुङ दुधकोशी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
मुक्ली, सोलुखुम्बु
कोशी प्रदेश, नेपाल

**प्रस्ताव**

१. ध्यानाकर्षण गराउने सम्बन्धी।
२. खेल मैदानको संरक्षण सम्बन्धी।
३. कार्यक्रम समिक्षा सम्बन्धी।
४. विविध

**निर्णय**

१. नेपालको राष्ट्रिय प्रतिक तथा गौरवको रूपमा रहेको सगरमाथा हिमाल सोलुखुम्बु जिल्लामा पर्दछ। तर यसै सोलुखुम्बु जिल्लामा अवस्थित यस थुलुङ दुधकोशी गाउँपालिका सहित अन्य दुई गाउँपालिका (नेचासल्यान गाउँपालिका र लिखुपीके गाउँपालिका) लाई सिमाना नजोडिएको भनी रोयल्टी बाँडफाँटको सिफारिसमा समावेश नगरिनु अन्यायपूर्ण रहेको निष्कर्ष सहित सम्बन्धित निकायमा लेखिपठाउने आधारहरू:

- सगरमाथाको आधारभूत पूर्वाधार, आवागमन, पर्यटक व्यवस्थापन आदिको प्रभाव र उपयोग प्रत्यक्ष परोक्ष रूपमा सोलुखुम्बु जिल्लाको अन्य गाउँपालिकामा समेत पर्ने हुँदा उक्त गाउँपालिकाहरूलाई प्रत्यक्ष लाभको हकदार बनाउँछ ।

  उदाहरणः सगरमाथा हिमालको हिमनदी र हिमपातबाट उत्पन्न हुने पानी दूधकोशी नदीमार्फत बहाव हुँदै थुलुङ दूधकोशी गाउँपालिका र नेचासल्यान गाउँपालिका हुँदै तल्लो तराई तटीय क्षेत्र बहन्छ। दूधकोशी नदी सगरमाथाको प्राकृतिक जलप्रवाह प्रणालीको मुख्य भाग हो। त्यसैले सगरमाथा क्षेत्रको जलस्रोतबाट उत्पन्न भएको दुधकोशी नदी यी दुई गाउँपालिकाको प्रत्यक्ष प्रभावित क्षेत्र हुन्।
- सिमाना जोडिएको' भन्ने आधार भौगोलिक दृष्टिले साँघुरो व्याख्या भएको र यसले राष्ट्रिय सम्पत्तिको साझा स्वामित्व र सहभागिताको एक्य भावनामा कमी ल्याउँछ।

सुझावहरू:

नयाँ कार्यविधि तर्जुमाको सन्दर्भमा तपसिल बमोजिम जिल्ला अवधारणा समावेश गरिनुपर्छः

- प्राकृतिक स्रोतहरू रहेको जिल्लाका सबै स्थानीय तहलाई न्यूनतम अंशमा समावेश गरिने व्यवस्था गरिनुपर्ने।
- प्रत्यक्ष परोक्ष प्रभाव र योगदानलाई पनि मूल्यांकनको आधार बनाईनुपर्ने।
- पूर्वाधार चाप, पर्यटक प्रवेश मार्ग, सेवाप्रवाह, पहुँच र व्यवस्थापन जस्ता परोक्ष मापदण्डहरूलाई बाँडफाँटका सूचकमा समावेश गरिनुपर्ने।
- स्रोत नजिक रहेका सबै स्थानीय तहहरू बीच साझेदारीको व्यवस्था गरिनुपर्ने।

अतः वर्षेनी हुने बाढी, कटान, पुल-सडक क्षति जस्ता जलजन्य जोखिम भोग्ने गाउँपालिका भएकाले सगरमाथा क्षेत्रबाट उत्पन्न हुने प्राकृतिक प्रकोपको चपेटालाई न्युनीकरण गर्न सगरमाथा हिमालबाट सिर्जित रोयल्टीमा पहुँच पाउनु न्यायोचित हुन्छ। जल स्रोतको संरक्षण, व्यवस्थापन, नदी नियन्त्रण लगायत पूर्वाधार निर्माण तथा व्यवस्थापनका लागि समेत माथिल्लो हिमक्षेत्रबाट उत्पन्न हुने जलाधार, मौसमले असर गर्ने स्थानीय तहहरूमा वित्तीय स्रोतको पहुँच हुनु अपरिहार्य छ। "सीमाना जोडिएको" भन्ने संकुचित व्याख्या भन्दा बढी "प्रभावित क्षेत्र" को अवधारणा समावेश गर्न प्राकृतिक स्रोत तथा वित्त आयोगले नीति पुनरावलोकन गर्नु अत्यन्त आवश्यक छ। Impacted rather than Adjacent को परिभाषाको आधारमा सिर्फ सिमाना मात्र होइन आर्थिक र भौगोलिक सम्बन्धको गहिराइमा आधारित बनाइनुपर्छ भन्ने मान्यता सहित सोलुखुम्बु जिल्लामा अवस्थित यस थुलुङ दुधकोशी गाउँपालिका सहित अन्य दुई गाउँपालिका (नेचासल्यान गाउँपालिका र लिखुपीके गाउँपालिका) लाई सिमाना नजोडिएको भनी रोयल्टी बाँडफाँटको सिफारिसमा समावेश नगरिनु अन्यायपूर्ण रहेको निष्कर्ष सहित प्राकृतिक स्रोत तथा वित्त आयोगलाई ध्यानाकर्षण गर्ने/गराउने निर्णय पारित गरियो।

२. यस थुलुङ दुधकोशी गाउँपालिकाको गौरवको आयोजनाको रूपमा रहेको वडा नं. ६, मुक्लीस्थित थुलुङ दुधकोशी प्रदेशस्तरिय खेल मैदान निर्माणाधिन अवस्थामा रहेको छ। खेलमैदानको पुर्वपट्टी खेलमैदान सम्याउने कार्य भर्खर सम्पन्न भएको जसलाई अडयाउने कार्य पुर्व पट्टीको मेशिनरी वालले गरेको छ। साथै खेलमैदानको उत्तर-पुर्व अन्तिम् क्षेत्र भिरालो रहेको र निरन्तर वर्षातको कारण उक्त क्षेत्रमा अत्याधिक वहाव भई निर्माण भएको उक्त पुर्वपट्टी खेलमैदानस्थित मेशिनरी वाल लगायत तल्लो क्षेत्रमा रहेको सार्वजनिक बाटो एवम् सो बाटोमा लगाएको ग्याविन वालसमेत क्षति हुने संभावना अत्याधिक भएको। अत्यधिक जोखिम भएको उक्त निर्माण भईरहेको खेलमैदानको भिरालो उत्तर-पुर्व क्षेत्र खेलमैदानको अन्तिम विन्दु रहेको, खेलमैदानको निर्माण कार्य नियमानुसार ठेक्का प्रक्रियामा गई कार्य भईरहेको, ठेक्का सम्झौता पुर्व उक्त स्थान सामान्य अवस्थामा रहेको जसको कारण खेलमैदान निर्माणको डि.पि.आर. निर्माणको क्रममा उक्त स्थान समावेश नगरिएको, अनियमित र अविरल वर्षाका कारण जोखिमपुर्ण अवस्था सिर्जना भई खेलमैदानको माथिल्लो भागमा रहेको वस्ती र पुर्वपट्टी खेलमैदानस्थित मेशिनरी वाल लगायत तल्लो क्षेत्रमा रहेको सार्वजनिक बाटो एवम् सो बाटोमा लगाएको ग्याविन वालसमेतको संरक्षण गर्नु पर्ने भएकोले विशेष अवस्था सिर्जना निष्कर्ष बहुमतले पारित गरियो। निरन्तरको झरी तथा निर्माण भएका संरचनाको छिटो भन्दा छिटो संरक्षण गर्न ठेक्का प्रक्रियाबाट कार्य अगाडी बढाउँदा ढिला हुन गई थप सार्वजनिक सम्पत्तिको क्षति हुन सक्ने, आ.व. २०८२/०८३ को वार्षिक बजेटमा समेत उक्त पहिरो रोकथामको लागि आवश्यक वजेट व्यवस्था भएको साथै खेलमैदानको माथि उल्लिखित क्षेत्रमा अनियमित र अविरल वर्षा कारण जान सक्ने पहिरो तथा संभावित क्षतिको चाँडो भन्दा चाडो न्युनिकरण एवम् व्यवस्थापनको लागि सोही वडाको सबैभन्दा क्रियाशील टोल विकास समिति मार्फत उक्त कार्य यथाशिघ्र सम्पन्न गर्ने निर्णय सर्वसम्मतले पारित गरियो।

३. यस थुलुङ दुधकोशी गाउँपालिकाको मिति २०८२/०३/०९ गतेको निर्णयानुसार गाउँपालिकामा स्थायी ठेगाना भई विभिन्न कारणले काठमाडौंमा रहनुभएका गाउँपालिकाबासीहरूको लागि मिति २०८२/०४/१०, ११ र १२ गते काठमाडौंस्थित नवदुर्गा पार्टि भेन्यु सुकेधारामा संचालित एकिकृत सेवा प्रवाह शिविर – २०८२ भव्य, सभ्य र सफलताकासाथ सम्पन्न भएको। उक्त कार्यक्रममा विशेषतः सामाजिक सुरक्षा भत्ता दर्ता तथा नविकरण, पञ्जिकरण सम्बन्धी (जन्म, मृत्यु, विवाह, बसाईसराई, सम्बन्धविच्छेद आदि) प्रमाणपत्र वितरण, राष्ट्रिय परिचयपत्र वितरण, ज्येष्ठ नागरिक परिचय पत्र निर्माण/वितरण र गाउँपालिकाको कार्यालय तथा वडा कार्यालयबाट प्रदान गरिने विभीन्न प्रकृतिका सिफारिस उपलब्ध गर्ने सम्बन्धी कार्यहरू उल्लेख्य मात्रामा भएको। सो शिविरमा देखिएको प्राविधिक समस्या तथा जटिलताका आगामी दिनमा सुधार गर्दै लैजानु पर्ने निष्कर्षका साथ एकिकृत सेवा प्रवाह शिविर – २०८२ सफलताका साथ सम्पन्न भएको निर्णय बहुमतले पारित गरियो।

४. विविधः

- यस वर्षको शुरुवाती समयदेखी हालसम्म निरन्तर परिरहेको वर्षाको कारण यस थुलुङ दुधकोशी गाउँपालिकाको विभिन्न वडास्थित भौतिक पुर्वाधार, सडक तथा विद्यालयहरू क्षति गरेकोमा वडा नं. १ नेलेस्थित सरस्वती आ.वि.को भवनको पर्खाल लडेको तथा विद्यालय नजिकै भएर बहने खोल्साको समेत वहाव वृद्धी भई भवनको जगमा क्षति पुग्न सक्ने भएकोले उक्त क्षति रोकथामको लागि आवश्यक बजेट व्यवस्थापन गरी तुरुन्त मर्मत संभार तथा रोकथाम गर्ने निर्णय गरियो। उक्त कार्यको लागि आवश्यक पर्ने बजेट रू. १,००,०००।०० (प्राविधीक ईस्टिमेट अनुसार) व्यवस्था गरि कार्य सम्पन्न भए पश्चात् सिर्जना हुने खर्च दायित्व भुक्तानी दिने गरी कार्य अगाडी बढाउन आदेश दिने समेत निर्णय गरियो।